# सोलुदुधकुण्ड नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बु
प्रदेश नं. १ नेपाल

प.सं. २०७६/७७
च.नं. २२९

मिति : २०७६।०५।०८

विषय : उपभोक्ता समिति गठन गरी वडास्तरीय योजना सम्झौता गर्ने सम्बन्धमा ।

श्री वडा कार्यालय, सबै ।
सोलुदुधकुण्ड नगरपालिका ।

यस कार्यालयको च.नं. २१५ मिति २०७६।०५।०८ को वडास्तरीय योजनाहरू कार्यन्वयन गर्ने सम्बन्धीको पत्र प्राप्त भई व्यहोरा अवगत भयो होला । सो सम्बन्धमा आर्थिक बर्ष २०७६।०७७ को लागि स्वीकृत वडास्तरीय योजनाहरू कार्यान्वयनका लागि योजना सम्झौता गर्न २०७६ भाद्र २५ गते अगावै उपभोक्ता समिति गठन गरी सम्बन्धित वडा कार्यालयमा योजना सम्झौता र उपभोक्ता समितिलाई अभिमुखीकरण तालिम सञ्चालन गरिने भएकोले उक्त तोकिएको मिति अगावै उपभोक्ता समिति गठन गरी योजना सम्झौता गर्न तयारी गर्नु हुन निर्देशानुसार अनुरोध गरिन्छ ।

उपभोक्ता समिति गठन गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र सोलुदुधकुण्ड नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्य विधि, २०७४ बमोजिम तपसिल अनुसार गर्नु गराउनु हुन समेत जानकारी गराईन्छ ।

तपसिल :

१. उपभोक्ता समिति गठन गर्दा आयोजनाबाट लाभान्वित हुने क्षेत्रका सबै घरधुरीहरू, स्थानीय सँघ संस्था, स्थानीय बुध्दिजिवी, भद्रभलाद्मी, स्थानीय सरकारी कार्यालयका प्रमुख वा प्रतिनिधि सहितको अधिकतम सहभागितामा वडाको वडाअध्यक्ष वा वडाको सदस्य वा कार्यालयले तोकेको प्रतिनिधिको रोहवरमा गर्ने ।
२. उपभोक्ता समिति गठनका लागि भेला हुने मितिले कम्तिमा ७ दिन अगावै सार्वजिनक रुपमा जानकारी गराउँने ।
३. उपभोक्ता समितिमा एकै परिवारका १ भन्दा बढि सदस्य रहन नपाउँने गरी एक व्यक्ति एकभन्दा बढि उपभोक्ता समितिको सदस्य नहुने गरी समिति गठन गर्ने ।
४. समितिको अध्यक्ष, कोषाध्यक्ष र सचिव मध्ये कम्तिमा एक जना महिला र कुल सदस्यको ३३ प्रतिशत महिला सदस्य हुने गरी अनिवार्यरुपमा ७ देखि ११ जनासम्मको उपभोक्ता समिति गठन गर्ने व्यवस्था गर्ने ।
५. जनप्रतिनिधि, राजनितिक दलका पदाधिकारी, बहालवाला सरकारी कर्मचारी र शिक्षक लगायतका सार्वजनिक पदधारण गरेको व्यक्ति उपभोक्ता समितिको सदस्यमा छनौट नगर्ने ।
६. योजनाको आन्तरिक अनुगमन र सहजीकरणको लागि वडाको वडा अध्यक्ष वा वडा सदस्यको संयोजकत्वमा ३ देखि ५ जनासम्मको आन्तरिक अनुगमन र सहजीकरण समिति गठन गर्ने ।
७. उपभोक्ता समितिले योजना सम्झौताका लागि तपसिलका कागजातहरू पेश गर्न जानकारी गराउने ।

तपसिल

क) उपभोक्ता समिति गठन गर्ने भेलाको निर्णय प्रतिलिपी,
ख) समितिका सबै पदाधिकारीहरूको नागरिकताको प्रतिलिपी,
ग) वडाको सिफारिस,
घ) सम्वन्धित योजनाको प्राविधिक लागत ईष्टिमेट,
ङ) सम्झौताका लागि निवेदन ।

(रामकुमार खड्का)
शाखा अधिकृत

बोधार्थ
श्रीमान् नगर प्रमूखज्यू,
श्रीमान् नगर उपप्रमुखज्यू,
सोलुदुधकुण्ड नगरपालिका सल्लेरी ।